**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क,** १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# भारतमा नेवारी समाजको स्वरूप तथा नेवारी लोक–सांस्कृतिक सन्दर्भ

**❋ रीता प्रधान**
**mrs.ritapradhan048@gmail.com**

**अध्ययनसार**

आजको भारतीय नेपाली समाज-सांस्कृतिक परिप्रेक्ष्यमा नेवारी जाति र उनीहरूको संस्कार-संस्कृति बलियो भएर उभिन सकेको छ। विभिन्न प्रकारका अभावहरूमाफ लड्दै भिड्दै भए पनि भारतेली नेपाली नेवारी समाज र नेवारी संस्कृतिले आफ्न अस्तित्व र अस्मिता यथावत् कायम गर्न सक्षम बनेको छ। नेवार जातिको पूर्वपरम्परादेखि चलेको कला र संस्कृति हेर्दा यसको एउटा बेग्लै र छुट्टै किसिमको ऐतिहासिक मूल्य र मान्यता रहेको देखिन्छ। भारतका विभिन्न राज्य र अञ्चलहरूमा सञ्चालित नेवारी सङ्गठन वा नेवारी समाजले नेवारी कला-संस्कृतिको जगेर्ना र उत्थान गर्नमा अग्रणी भूमिका निर्वाह गरेको जानकारी पाइन्छ। भारतको नेपाली लोकवार्ता अध्ययनको परिप्रेक्ष्यमा नेवारी समाजको विविधतायुक्त संस्कार-संस्कृति तथा विकसित नेवारी लोक-सांस्कृतिक विविध सन्दर्भले आफ्नो बेग्लै स्थान र महत्त्व सुरक्षित राखेको छ। भारतबाट प्रकाशित नेवारी जाति र नेवारी संस्कार-संस्कृतिबारे लेखिएको पुस्तक तथा खोजपरक लेखकहरूले आंशिक रूपमा भएपनि समाज-सांस्कृतिक परिदृश्यलाई पाठक समक्ष ल्याउने प्रयास गरेको छ। वंशावलीअनुसार नेवारहरू ब्रह्मपुत्रक्षत्रिय हुन भन्ने जानकारी पाइन्छ। नेवारी जातिमा चारै जात र छत्तिसै वर्ण पाइने हुनाले विद्वानूहरूले नेवारलाई जात मात्र नमानी नेवारी जातीयता वा समुदायका रूपमा हेरेका छन्। नेपाली जाति विभिन्न जात-गोष्ठी, भाषा-बोली र संस्कार-संस्कृतिको मिश्रणले बनेको जाति हो। नेवार जातिलाई नेपाली जातिअन्तर्गतकै एउटा ठूलो र विशिष्ट जातिसमेत मानिन्छ। तथापि नेपाली भित्रकै एउटा विशेष र सम्प्रदाय अर्थात् पूर्ण जाति हो। नेवार जातिको विविध संस्कार-संस्कृति, भाषा-लिपि, रहन-सहन, लोकव्यवहार र लोकसंस्कृति अवलोकन गर्दा यसमा विशेष गरी आर्य, मङ्गोल तथा अष्ट्रेलाइड आदिवासी संस्कार-संस्कारको मिश्रित रूप देखिन्छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ।

**मुख्य शब्दावली–** जात-गोष्ठी, संस्कार-संस्कृति, लोकसंस्कृति, नेवारी जातीयता, सांस्कृतिक सन्दर्भ।

## विषय सन्दर्भ

नेपाल अधिराज्य बाहिर नेवारहरू विशेषगरी दार्जिलिङ, कालेबुङ, जलपाईगुडी, अलिद्वार जिल्लाका पार्वत्य क्षेत्रलगायत तराई-समतल अर्थात् डुवर्स क्षेत्र तथा असम, मेघालय, मणिपुर राज्यका भिन्न जिल्ला र भुटान, भाग्सु, देहरादुनका विभिन्न जिल्ला र अञ्चलहरूमा छरिएर बसेका छन्। भारतको विभिन्न प्रान्तमा छरिएर बसेका नेवार समुदायले आफ्नो मूल थातथलोका मौलिक सामाजिक-सांस्कृतिक, धार्मिक रीतिरिवाज, कर्मकाण्ड, संस्कार-संस्कृतिको पालन आफूहरूले सकेसम्म गर्दै आएका छन्। नेपाल अधिराज्यमा व्यवस्थित तौरतरिकाले बाक्लो संख्यामा बसेका नेवार समुदायले जस्तै भारतमा र अन्य देशमा बस्ने नेवारहरूले मनाउन वा पालन गर्न नसके पनि स्वजातीय संस्कार-संस्कृतिको सम्वर्द्धन गर्नमा भने भारतमा बस्ने नेवार समुदाय पनि त्यतिकै सजग र सक्रिय रही आएका छन्। दृष्टान्तका रूपमा बेलविवाह जस्तो अद्वितीय संस्कार नेवारी समुदायको पुजारी अर्थात् देवभाजु र गुभाजुबाट सम्पन्न हुन नसके पनि हिन्दू ब्राह्मण पुरोहित पढाएर, आजसम्म अक्षुण्ण रूपमा पालन गर्दै आएको दृष्टान्त छ। अतः हिन्दू ब्राह्मण पुरोहितबाटै भए पनि बेलविवाह सम्पन्न हुनुलाई नेवार समुदायको स्वसंस्कृति र संस्कारप्रतिको मोह र गहिरो आस्था हो भन्न सकिन्छ।

**भारतमा नेवारी समाज–सांस्कृतिक स्वरूप तथा लोक–सांस्कृतिक सन्दर्भ–**

भारतको विशेषगरी पश्चिमबङ्गाल (दार्जिलिङ, कालेबुङ, जलपाइगढी, अलिपुरद्वार अर्थात् डुवर्स अञ्चल), सिक्किम, असम, मेघालय, मणिपुर, देहरादुन, भाक्सु राज्य र अञ्चलमा बस्ने नेवार जातिले नेपालमा

**❋ लेखक नेपाली लोकसंस्कृतिको क्षेत्रमा अनुसन्धानरत दार्जिलिङ निवासी अनुसन्धानकर्ता हुन् ।**

बस्ने नेवारी समुदायले जस्तै विभिन्न प्रकारका चाडपर्व, पूजाआजा, मेलाजात्राहरू मनाउन पाएका र सकेका छैनन् । तथापि नेपाल बाहिर बस्ने नेवारी समुदायले आफ्नो कूलधर्म, देवालीपूजा, गोठको पूजा, संसारी पूजा, देवीपूजा, पितृश्राद्ध, जन्म-विवाह र मृत्युपछिका अन्त्येष्टि कर्मका विभिन्न संस्कारहरू आफूले सके, जाने र भ्याएसम्म नेवारी मूल संस्कार-संस्कृति अनुरूपै पालन गर्दै आएका छन् ।

वास्तवमा नेवारी जाति आफ्नो सामाजिक बनोटका दृष्टिले कुनै एक जात मात्र नभएर एउटा पूर्ण जाति अर्थात् भाषिक समुदाय (Linguistic Community)का रूपमा परिचित छन् । नेवार जातिको आफ्नै छुट्टै विशिष्ट पहिचान बोकेको भाषा छ, यसको लोभलाग्दो साहित्यको भण्डार छ र यसको आफ्नो छुट्टै लिपि पनि छ, जुन लिपिलाई रञ्जना लिपि भनेर चिनिन्छ । आफ्नो बेग्लै किसिमको विकसित ढाँचाको लिपिकै कारण नेपालले राष्ट्र संघमा सदस्यता समेत पाउन सकेको हो । इतिहास पल्टाएर हेर्दा सुरूमा नेवार जातिले गाई-भैंसी पालनलाई मुख्य पेसाको रूपमा अपनाएको बुझिन्छ । यसबाट के स्पष्ट हुन्छ भने ती क्षेत्रमा गोपाल वंशको शासनको व्यवस्था रहेको थियो भन्ने बुझिन्छ । यसैले पशुपालन अर्थात् गाई-भैंसी पालन गरेर आफ्नो जीविकोपार्जन गर्ने त्यस उपत्यकाबासी मानिसहरूलाई गोपालवंशी र महिषपाल वंशी (आमीर) भनेर चिनिन अर्थात् बुझ्न थालियो । यसैको फलस्वरूप नेवार जातिले मनाउने चाड-पर्व, धर्म-कर्म, पूजा-आजाका विविध अवसरहरूमा अर्थात् धार्मिक अनुष्ठानहरूमा कृषिजन्य उत्पादन अन्नबाली, फलफूल चढाउनका सट्टा राँगो ढालेर राँगोको मासुका विविध परिकार बनाएर चढाउने चलन बस्यो । जुन  प्रचलन आज पनि यथावत् चलिआएको देखिन्छ ।

कतिपय अञ्चलमा आफ्नो समय र भौगोलिक परिवेशलाई हेरेर नेवारी समुदायले आफ्नो रीतिरिवाज पालन गर्ने गरेको पाइन्छ । दृष्टान्तका रूपमा कतिपय अञ्चलमा नेवार जातिले मङ्सीर पूर्णिमाको दिन गोठको पूजा गर्ने र कतिले भने आफ्नो कूल पितृका पूजा गर्ने गर्छन् । कृषि पेसा अपनाएर गाउँघरमा बसेका अघिअघि नेवारी समाजमा नेवारहरूले खेतमा धान पाकेपछि घरभित्र थन्काउने बेला बिहे भइसकेकी छोरीलाई माइतमा बोलाएर टिका लगाई भूमे पाथी दिने चलन रहेको जानकारी पाइन्छ भने हिजोआज कृषिजन्य जमिन कम भएकाले तथा सुखसुविधाका निम्ति नोकरी चाकरी, पढाई आदिका कारणले सबैजना शहरमुखी बन्न पुगेपछि यो संस्कार बिस्तारै विस्तारै हराउँदै गएको बुझिन्छ ।

नेवारी जातिले वैदिक कालदेखि नै दश वैदिक संस्कार मान्ने भएकाले दश नेवार भनेको पनि कतैकतै सुनिन्छ । वैदिक दश संस्कारहरू यसप्रकार रहेका छन् १) धौबजि नकः बने, २) मचाबू ब्यंके नां छुये, ३) मचावु लहीकः बने, ४) मचा जंको, ५) न्हायूपं खने, ६) आख स्यने, ७) बुसँखा, ८) इही, बरे छुये, ९) इहिपा, १०) सीज्या । यी दश वैदिक संस्कारकै कारण अन्य जात गोष्ठीका जात र जातिहरूभन्दा छुट्टै जाति हो भन्ने बुझिन्छ । नेवार जातिमा क्षत्रिय, ब्राह्मण, वैश्य र शुद्र गरी अर्थात् चार जात- छत्तीस वर्णमा वर्गीकरण गरिएको देखिन्छ । उच्च जात वा कुलका देखिलिएर निम्न जात वा कुलसम्मकै यसभित्र जातको व्यवस्थापन गरिएको बुझिन्छ । विशेषगरी नेवारहरू शैवमार्गी र बौद्धमार्गी दुई प्रकारका हुन्छन् । शैवमार्गी नेवारहरू विशेषगरी भगवान् शिवको पूजा आराधना गर्छन् भने बौद्ध मार्गी नेवारहरू भगवान् बुद्धलाई आराध्य देव मानेर बौद्ध धर्मलाई अनुसरण गर्छन् ।

**बेली विवाह**- नेवारी कन्यालाई बेलसित तीनदेखि एघारवर्षको उमेरसम्म अर्थात् रजस्वला हुनुभन्दा अघि गरिने विवाहलाई बेलीविवाह (बेलविवाह)-अथवा नेवारी भाषामा इही भन्ने गरिन्छ । हिन्दू-बौद्धधर्मावलम्बी दुवै थरिका नेवारहरूले यो बेलसितको विवाहलाई नै प्रमुखता दिन्छन् । अर्थात् मानवसित गरिने विवाहलाई दोस्रो दर्जाको प्रमुखतामा राखिएको देखिन्छ । बेली विवाहपछि यदि आफूसित राखेको बेल कुनै कारणले फुटेमा विधवाको दाग लाग्न सक्छ । यसर्थ यस्तो अनिष्टदेखि सदाको निम्ति बाँच्नलाई विवाह भएको केही दिनमै बेललाई नजिकैको नदी वा खोलामा विर्सजन गर्ने चलन छ । लोग्ने मरेको खण्डमा विवाह हुँदा चलाएको डल्लो सुपारी लोग्नेको मृत देहमा राखिन्छ । यसो गरेको खण्डमा उनी विवाहित (सधवा) हुन् कि  विधवा हुन् भन्ने कुनै बन्धन रहँदैन  र कन्येकेटी सरह अन्य पुरूषसित बिहे गर्न सक्छिन् भन्ने भनाइ छ ।

विशेषगरी भारतेली नेवारी समाजमा आफ्नै नेवारी पुरोहित अर्थात् देवभाजूहरू नपाइने हुनाले ब्राह्मण पुरोहितद्वारा नै यो कार्य सम्पन्न गरिन्छ। बेली विवाहमा नौमती बाजा बजाएर आफन्त-इष्टमित्रलाई निम्तो गरी भोज-भतेर ख्वाएर सम्पन्न गर्ने गरिन्छ। नेवारहरूमा पनि निम्नकुलको मानिने अर्थात् शुद्र वर्गका केही जातहरूले बेली विवाह गर्दैनन्। यसो हुनुको मुख्य कारण के हो भने अघिअघिको समय ठूला कुलका नेवारहरूले निम्नकुलका नेवारहरूलाई बेली विवाहमा निम्तो नदिने हुँदा ती शुद्र जातिका नेवारहरूलाई बेली विवाह सम्पन्न गरेको घर वा पूजा मण्डपमा प्रवेश निषेध गर्ने गरिएका उनीहरूले बेली विवाहबारे केही सिक्ने, जान्ने र बुझ्ने मौकै पाएनन्। उनीहरूलाई बेली विवाह गर्नदेखि सदा वञ्चित राखियो। यसैकारण शुद्र भनिएका नेवारहरूले बेली विवाहको विधिविधान, कर्मकाण्ड, रीतिरिवाज केही नजानेकै कारण यिनीहरूले बेली विवाह नगरेको भन्ने भनाइ रहेको पाइन्छ। तर हिजोआज भने सबै वर्ग र वर्णका नेवार जातिले बेली विवाहको प्रचलनलाई पालना गर्दै आएका पाइन्छ।

बेलीविवाहबारे समाजमा अनेक प्रकारका किंवदन्तीहरू अर्थात् लोकविश्वासहरू रहेका पाइन्छन्। जसमध्ये महादेव-सतीदेवीको विवाह प्रसङ्गसँग पनि जोडिएको पाइन्छ। राजा दक्षप्रजापतिका तेत्तीस कोटि कन्याहरूमध्ये सतीदेवी जेठी कन्या थिइन् र सतीदेवीबाहेक अरू सबै बहिनीहरूको बिहे तेत्तीस कोटि देवताहरूसँगै सम्पन्न गराइएको थियो। दक्षदम्पतीका पुत्र नभएकाले आफ्नो अथाह धनसम्पत्तिको रक्षार्थ जेठी छोरी सतीदेवीको बिहे नगरिदिने निर्णय गरेछन्। तेत्तीस कोटि दक्षकन्यासित तेत्तीस कोटि देवताहरूको बिहे सम्पन्न भएको थाहा पाएर महादेव पनि सतीदेवीको हात माग्न दक्षप्रजाप्रति कहाँ पुगेछन् तर दक्षदम्पतीले अघिबाटै निर्णय लिएकाले जेठी छोरी सतीदेवीको बिहे कसैसित पनि नगरिदिने कुरा बताएछन्। महादेव सतीदेवीको लागि त झनै अनुपयुक्त वरपात्र भएको ठहर गरी दक्षदम्पतीले महादेवको कन्यादान भिक्षालाई अस्वीकार गरिदिए। दक्षपरिवारले महादेवलाई अस्वीकार मात्र गरेनन्, उनलाई अपमान र दुर्व्यवहार समेत गरी घरबाटै धकेलेर निकालिदिएछन्। तर महादेवको जसरी भए पनि सतीदेवीलाई प्राप्त गरि छाड्ने दृढता अडिग थियो। यसैले महादेवले विष्णुलाई सहयोग मागेछन्, महादेवको बिन्ती सुनेर विष्णुले पनि महादेवको मान राख्दै सतीदेवीको हात माग्न महादेवको पक्षमा बिहेको प्रस्ताव लिएर दक्षप्रजापतिसमक्ष गएछन्। दक्षप्रजापतिको आन्तरिक इच्छाबारे विष्णु एकदमै अनभिज्ञ थिए। विष्णुको वचन हार्न नसकेर बाध्यतावश सतीदेवीको हात महादेवलाई सुम्पिने वचन दिएछन्। विष्णु फर्केर आइ महादेवलाई सम्पूर्ण कुरो बताउँदै विवाह लगनको शुभसाइतमा महादेवलाई वृद्ध भिक्षुक सन्यासीको छद्मरूपमा प्रकट हुने सुझाव दिएछन्। विष्णुको सुझावअनुसारै लगनको शुभमुहूर्तमा महादेव वृद्ध भिक्षुकको रूपमा विवाह मण्डपमा पुगेछन्। भिक्षाको याचना गर्दै भिक्षा नदिई कन्यादान दिने वा लिने दुवैलाई श्राप लाग्ने भएकाले लगनको शुभमुहूर्त टरेर जाने भयले भिक्षुकलाई थुमथुम्याउँदै आफ्नो आसनमा बस्न आग्रह गरेछन्। वास्तवमा विष्णुको सल्लाहमा गरिएको यो ठूलो षडयन्त्र थियो। यसप्रकार विष्णुकै योजनाअनुसार महादेवले सतीदेवी हात पार्न सफल भए। कालान्तरमा आफ्नो मृत्युपछि सतीदेवीले हिमालयकी पुत्री पार्वती भएर पुनर्जन्म ग्रहण गरिन् अनि यस पछिल्लो जन्ममा पनि महादेवलाई नै आफ्ना आराध्य पतिदेवको रूपमा स्वीकार्न चाहन्थिन्। महादेवलाई पाउनका निम्ति उनले अनेक तीर्थव्रत र कठोर तपस्या गरिन्। जसको फलस्वरूप कालान्तरमा विष्णुले नै बताएपछि पार्वतीले इच्छित वर प्राप्त गर्न सफल भइन्। यस प्रकार विष्णुको सहयोगबाट शिवशक्तिको संयोग सफल भएको मानिन्छ। यस परम्परालाई जिउँदो राख्न आज पनि नेवार कन्यालाई विष्णुको प्रतीक स्वरूप सुवर्णकुमार बेलसँग पहिलो र अति चोखो विवाह गरिदिने प्रचलन चलिआएको छ।

पहिले पहिले बेलीविवाहको दिन तारिक महिना निश्चित भएपछि त्यसको ठीक तीनदिन अघि शुभसाइत पारेर सन्ध्या समय गुफामा लगेर राख्ने अनि गुफाबाटै बेलसित सिन्दुर हाल्ने शुभ साइत निकाल्ने चलन थियो। तर हिजोआज व्यवहारिकता र सुरक्षालाई विशेष ध्यानमा राख्दै गुफामा राखिँदैन र एकैदिनमा बेलीविवाह सम्पन्न गरिन्छ। बिहे गर्नअघि मन्दिर वा देवस्थलमा इही कन्याको निम्ति पूजा गरिन्छ, आशीर्वाद मागिन्छ र वैवाहिक जीवनको सफलताको कामना गरिन्छ। त्यसपछि पितृश्राद्ध गरिने प्रथा छ। यो कार्य सम्पन्न गरेपछि इही कन्याको पूर्वाङ्ग पूजा गरिन्छ। प्रथमतः कलश स्थापना गरी गणेश देवताको पूजा गरेपछि क्रमशः अन्य देवीदेवताहरूको पूजाअर्चना गरिन्छ। ब्राह्मण पुरोहितले यज्ञ अनुष्ठान सम्पन्न गरेपछि इही कन्यालाई पूजा मण्डपमा बसाइन्छ र

सूर्यको पूजा गर्न लगाइन्छ। सूर्यदेवको पूजा आराधना समाप्त भएपछि थालमा बेललाई सुवर्णकुमार विष्णुको प्रतीक मानेर फूल अक्षताले पूजा गरी कन्यादान र सिन्दुरको विधिविधान सम्पन्न गरिन्छ। सिन्दुरको विधान सम्पन्न भएपछि पुरोहितले कन्याको हातमा बेल राखी धागोले बेह्रिदिन्छन् अनि यज्ञ मण्डपको परिक्रमा गर्न लगाइन्छ। त्यसपछि हातमा बाँधिएको धागो खोलिन्छ। इही कन्यालाई ऐना देखाएपछि भने बिहेको सम्पूर्ण विधिविधान पूर्ण भएको मानिन्छ।  त्यसपछि मात्र घरपरिवार, आफन्तजन र इष्टमित्रले टीका लगाइ आशीर्वादसहित दान दक्षिणा एवम् उपहार दिने गर्छन्। यसप्रकार सुवर्णकुमार विष्णुको प्रतीक बेलसँग विवाह सम्पन्न हुने नेवारी कन्याहरू चिर सुहागिनी मानिन्छ। उनीहरूको मान्यताअनुसार लोग्ने मरेपनि बेलको नाश वा बेल नफुटेसम्म उनीहरू सधवा नै रहन्छन्। यसर्थ आफ्ना लोग्नेको मृत्युपछि सेतो वस्त्र धारण गरी वैधव्य पालन गर्ने बाध्यता उनीहरूलाई छैन।

**देवाली पूजा**- देवाली पूजा नेवार जातिको एउटा निकै ठूलो र विशिष्ट प्रकृतिको पूजा हो। यो पर्व वर्षमा एकपल्ट गरिने भनिए पनि सबै ठाउँमा यो एकै प्रकारले मनाइएको पाइँदैन। नेपालबाहिर बसोबासो गर्ने नेवारहरूले यो देवाली पूजा  प्रत्येक तीन वा पाँच वर्षमा एकपल्ट मनाउने गरेको देखिन्छ। यो पूजा लगाउनाले आफू र आफ्नो कुलमा आइपरेको विध्नवाधा नाश भएर जान्छ अनि घरमा सुख-शान्ति फर्केर लक्ष्मीले बास गर्छिन् भन्ने उनीहरूको लोकमान्यता वा लोकविश्वास रहेको छ। शहरदेखि बाहिर गाउँ-बस्तीमा बसोबासो गरिआएका नेवार समुदायले पनि आफ्नो सुविधाअनुसार प्रत्येक तीन तीन वर्षमा गर्दै आएका छन् भने शहरमा बस्ने कतिपय नोकरी नेवार जातिले देवाली पूजालाई बिस्तारै बिर्सिंदै गएको देखिन्छ। देवाली पूजा गर्नुको मुख्य उद्धेश्य आफ्नो कुलदेवता, आफूले पुर्खौंदेखि मान्दै आएको इष्टदेवतालाई पानफूल चढाएर खुशी राख्नु नै हो। यो पूजा विधिद्वारा के कुरो  स्पष्ट हुन्छ भने नेवार जाति पनि प्रकार प्रकृतिपूजक जाति नै हो  भन्ने बुझिन्छ। उनीहरूले सम्पन्न गर्ने देवाली पूजा चिलाउनेको ठूलो रूखको फेदमा सफा-सुग्घर गरी हाँस-कुखुरा र बोकाको बलि दिएर पूजा गर्ने गर्छन्। पूजा सम्पन्न गर्ने दिन घरका ठूलाबडाहरू नुहाइधुवाई गरी उपवास बसी धोइपखाली गरेको सफा-सुग्धर वस्त्र लगाइ पूजा-सामग्री, फलफूल र खाने सरसामान बोकेर जङ्गल जाने गर्छन्। यस पूजाको अवसरमा टाढा-नजिकका आफ्ना सन्तान र आफन्तहरू पनि आउने गर्छन्। यो पूजामा विशेष गरी पञ्चेबाजाको साथमा अन्य बाजागाजा बजाएर खुबै रमाइलो प्रकारले यो पूजालाई एउटा विशेष पर्वको रूपमा मनाउने गरिन्छ। पूजामा बलि दिएका हाँस, कुखुरा र बोकाको मुटु, कलेजो र गर्धनको मासु पोलेर प्रसाद बनाई वितरण गर्ने गरिन्छ। यो जेठ शुक्लपक्ष पञ्चमी तिथिको दिन गर्ने गरिन्छ। हिजोआज भारततिरका नेवारी समुदायले समयको अनुकूलता हेरी प्रत्येक तीन वा पाँच वर्षको अन्तरालमा एकपल्ट देवाली पूजा गर्ने गरेको देखिन्छ।

**म्हपूजा**- म्हपूजादेखि नेवारी जातिको नयाँ वर्ष आरम्भ हुन्छ। कार्तिक कृष्णपक्ष त्रयोदशीदेखि कार्तिक शुक्लपक्ष द्वितीयासम्मको पाँच दिनलाई यमपञ्चक भनिन्छ। पाँचदिने यमपञ्चकभित्र पर्ने सुरुका दुई दिन अर्थात् कागतिहार र कुकुरतिहारलाई छोडेर रहेका तीन दिन अर्थात् लक्ष्मी पूजा, गोवर्द्धन पूजा र भाइटीकालाई पूजाको रूपमा मनाउने चलन छ। यो पूजा वास्तवमा शरीर, आत्मा तथा ब्रह्मको पूजा हो। म्हपूजा सम्पन्न गर्नुको अर्थ आफ्नो आत्मा स्वच्छ, पवित्र, चोखो राखेमा शरीरमा कुनै किसिमको रोग, कष्ठ, दुःख-पीर आइ पर्दैन भन्ने लोकविश्वास रहेको पाइन्छ। म्हपूजाको अतिरिक्त दूधकोशी पूजा, कुमारी पूजा, भीमसेन पूजा, कुलपितृ पूजा, नयाँ पूजा अर्थात् उँधौली र उँभौलीको पूजा), गोठ पूजा आदि जस्ता विविध पूजा-अनुष्ठानहरू विभिन्न अवसर पारेर वर्षभरि नै पालन गरिन्छ। वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा) अनि गुरु पूर्णिमाको दिन आफ्नो कुलपितृहरूको सम्झना गर्दै पालन गर्नुपर्ने कुलपितृ पूजा पनि नेवार जातिको एउटा विशेष पूजा हो। यो पूजा गर्नुको उद्धेश्य आफ्नो परिवारका सदस्य कुनै कालखण्डमा अगति परेर अकालमा मरेका प्रेतात्मालाई फूलप्रसादद्वारा बलबिन्ति गरी मनाउने काम गरिन्छ। यसो गर्नाले अगति परी मरेका र प्रेतात्मा बनेकाहरू पार पाउँछन्, घर-परिवारलाई अनिष्ट हुनबाट बाँचिने अनि सुख-शान्ति मिल्ने भन्ने जनविश्वास रहेको छ।

**जमरा राख्ने चलन–** जमारे औंसीको भोलिपल्ट अर्थात् घटस्थापनाको दिन घरको कुलपितृ पूजा गर्ने ठाउँमा चोखोनितो भइ टपरामा मकै र जौं मिसाएर पानीमा भिजाइकन जमरा राख्ने गर्छन्। आफूहरूले टपरामा उमार्न खोजेको मकै-जौंका बीजहरू राम्रोसँग उम्रिएर आएमा घरमा सुखशान्ति र फलिफाप हुन्छ भन्ने लोकविश्वास रहेको छ। वर्षमा एकपल्ट मात्र जमारा उमारिन्छ। यो विजयदशमीको दिन ठूलाबडाको हातबाट टीका थाप्दै कान कानमा जमरा सिउरीदिने प्रथा सम्भवतः नेवारी संस्कार र संस्कृतिबाट प्रचलनमा आएको बुझिन्छ। यस्तै प्रकार

नेवारी समुदायले मनाउने महत्त्वपूर्ण चाडपर्वहरूमा क्वाँटी पूर्णे (अर्थात् क्वाँटी खाने दिन), वैशाखी पूर्णिमा, धान्य पूर्णिमा आदिलाई दृष्टान्तका रूपमा लिन सकिन्छ। यीमध्ये श्रावण शुक्लपक्ष पूर्णिमाको दिन मनाइने क्वाँटी पूर्णेले विशेष अर्थ र महत्त्व राख्छ। असार-साउनका दिनमा खेतमा रूजीभिजी काम गर्दा शरीरमा सर्दी, जरो आएको हुनसक्छ र शरीरमा चिसो गाडिएको हुन सक्छ। यसलाई निर्मूल पार्न हप्ता दिन अघि भिजाएर उमारेका विभिन्न किसिमका अन्य र दालहरूलाई राम्रोसँग पकाएको पौष्टिक आहारलाई नेवारी संस्कृति र नेवारी भाषामा क्वाँटी भन्ने गरिएको छ। नेवारी भाषामा क्वाँटीको शाब्दिक अर्थ तातो झोल हो भन्ने बुझिन्छ। भारतमा बस्ने नेवार समुदायले यो क्वाँटी पूर्णे कहीँ कतै मात्र मनाउने गरेको पाइन्छ। सबैतिर एकै प्रकारले यो पर्व मनाइँदैन।

**गाईजात्रा**- यो पर्व नेपाल अधिराज्यमा बसोबासो गर्ने नेवारहरूले खुबै उत्साह र उमङ्गका साथमा मनाउने गरेको भए पनि नेपालबाहिर भारत, भुटान, बर्माका विभिन्न क्षेत्रमा बसोबासो गर्ने नेवारी समुदायले भने गाईजात्रा पर्वलाई देश, काल र परिवेश-परिस्थितिका कारण मनाउन सकेको देखिँदैन। काम विशेषले चारैतिर छरिएर बसेका नेवारी जातिले सालभरमा मनाउने सबै प्रकारका पर्व-उत्सव, पूजाआजा मनाउन चाहेर पनि समय, परिवेश र परिस्थितिका कारण पालन गर्न सक्तैनन्। गाईजात्रा पूजा वा पर्व मनाउनुको विशेष उद्देश्य र लक्ष्य के रहेको छ भने मानिस मरेपछि एकवर्षसम्मका लागि यमलोकको ढोका बन्द रहेको हुन्छ। यमलोकको ढोका बाहिरै उनीहरूको आत्मा भूत-प्रेत-पिशाचको रूपमा जताततै भड्किरहेको हुन्छ र गाईजात्रा पर्व सम्पन्न नगरेसम्म उसको आत्माले पार पाउँदैन। गाईजात्रा गरेपछि मात्र यमलोकको ढोका खुल्छ भन्ने उनीहरूको जनविश्वास रहेको छ।

**इन्द्रजात्रा**- यो पनि नेवारका चाडहरूमध्ये एक विशेष प्रकारको पर्व हो। यो पर्व भाद्र द्वादशीदेखि आश्विन कृष्ण चौथीको दिनसम्म जम्मा आठ दिन अति भव्यताका साथ मनाउने गरिन्छ। यो पर्व काठमाडौं-भक्तपुरमा बडो धुमधामपूर्वक मनाउने गरिएको भए पनि नेपाल अधिराज्यकै अन्य ठाउँमा र भारतको दार्जिलिङ, कालेबुङ, सिक्किम, डुवर्स, असम पूर्वाञ्चल क्षेत्रमा यो पर्व मनाइँदैन। नेपालमा कुमारी रथयात्रा र धान्य पूर्णिमा, अनन्त चतुर्दशी (अर्थात् भाद्रकृष्ण चतुर्दशीको दिन विशेषगरी गणेश, भैरव र कुमारीको रथयात्रा) आदि ठूलो उत्सव र उमङ्गको साथ मनाउने गरेको भए पनि भारतलगायत अन्य ठाउँमा भने यी पर्वहरू उत्साहसाथ मनाएको देखिँदैन।

नेवारी संस्कारमा वरसित बिहे गर्दा सुपारी दिने चलन छ। आफ्नो कुलपितृका नाममा प्रथमतः दश-दशवटा सुपारी चढाएपछि मात्र आमा-बाबा, काका-बडा, मामा-फुपू शाखासन्तान र इष्टमित्रहरूलाई दर्जानुसार नौवटा, आठवटा सुपारी हातमा दिँदै ढोग गर्ने विशेष प्रथा छ। सुपारी दिँदा लमीले दुलाहाका हातमा गनेर सुपारी राखिदिन्छन्, दुलाहाले त्यो सुपारी दुलहीलाई अनि दुलहीले आफ्ना आफन्तलाई दिँदै साइनो चिनाउने काम गर्छिन्। यसरी सुपारी दिएर ढोक दिने, साइनो चिनाउने प्रथा नेवारी समुदायमा बाहेक संसारको अन्य कुनै जातिमा देखिँदैन। सुपारी दिएर ढोग्नु र आफन्त र मान्यजनको साइनो चिनाउनुको अर्थ के हो भने सानै भए पनि हाते सुगन दिएर उमेर र साइनोले आफ्ना ठूलाबडाको आदरसत्कार गर्नु हो, सम्मानभाव प्रकट गर्नु पनि हो। अतः विवाहमा सुपारी दिने प्रचलनलाई नेवारी संस्कार-संस्कृतिको एउटा उत्कृष्ट दृष्टान्त मान्न सकिन्छ।

नेवारी जातिका वर्षैभरि सम्पन्न हुने विभिन्न किसिमका चाडपर्व, मेलाजात्रा र उत्सवहरूमा विभिन्न किसिमका लोकगीत, लोकसङ्गीत तथा लोकनृत्यहरू प्रस्तुत गर्ने गरिन्छ। त्यस्ता महत्त्वपूर्ण लोकनृत्यहरूमध्ये लाखे नृत्य खुबै प्रसिद्ध र लोकप्रिय नृत्य मानिन्छ। विशेष गरी नेवारी नृत्यमा नेवारी भाषामै गीत गाइन्छ र पारम्परिक नेवारी वेशभूषामा सजिएर नृत्य गर्छन्। नेवारी नाच वा लोकनृत्यहरू पनि विभिन्न प्रकार र प्रकृतिका छन्। जसमध्ये चामुण्डा नाच, लाखे नाच, भैरव नाच, चर्या नाच, मञ्जुश्री नाच, बज्रयोगिनी नाच आदि मुख्यरूपमा पर्दछन्। यसका साथै प्रचलित र प्रसिद्ध लोकनृत्यहरूमा धिमे लोकनृत्य, राजमति लोकनृत्य, धिन्तामे लोकनृत्य तथा ज्यापूलोक नृत्य आदि जस्ता लोकनृत्यलाई दृष्टान्तका रूपमा लिन सकिन्छ। यसका साथै नेवार जातिले बजाउने बाजागाजा तथा लोकवाद्ययन्त्रहरू आफ्नै किसिमका बेग्लै मूल्य र महत्त्व बोकेका छन्। ती अधिकांश बाजागाजाहरू नेवारी जातिकै शिल्पकारहरूले बनाउने र बजाउने गर्छन्। यस किसिमका बाजागाजाहरूमा मुख्य गरी पश्चिमा बाजा, धिमे बाजा, नायखी बाजा, भूस्याये बाजालाई दृष्टान्तका रूपमा लिन सकिन्छ। यीमध्ये कुनै कुनै फुकेर बजाउने, कुनै ठोकेर बजाउने, कुनै रेटेर बजाउने, कुनै बाजा ठटाएर बजाउने र कुनै कुनै भने नङको सहायताले बजाउने प्रकृतिका पर्दछन्। नेवारहरूका आफ्नै छुट्टै र विशिष्ट प्रकारको संस्कार-संस्कृति भएकाले आफ्नै रीतिथिति, रहनसहन, लोकगीत, लोकनृत्य, लोकसङ्गीतको विकसित परम्परा छ।

**उपसंहार एवम् मूल्याङ्कन–**

नेवारी लोकगीत-सङ्गीत- नेवार जातिको आफ्नो छुट्टै र विशिष्ट प्रकृतिको लोकगीत र लोकसङ्गीतको विकसित परम्परा छ। नेवारहरूले पुर्खौंदेखि मानेर ल्याएका रीतिथिति, संस्कार-संस्कृति हुन्। देश-विदेशका विभिन्न जाति-समुदायका संस्कार-संस्कृति, सभ्यता र परम्पराबिच रहेर, बहुसंस्कृति तथा बहुभाषी सङ्क्रमणबाट सकेसम्म आफू र आफ्नो जाति, संस्कार-संस्कृतिलाई बचाएर सदा जिउँदो र सक्रिय राख्न सचेत र प्रयत्नशील रहेको देखिन्छ। तथापि पाश्चात्य सभ्यता र संस्कृतिप्रति दिनप्रतिदिन बढ्दो अभिरूचि सामु आफ्नो गौरवमय संस्कार-संस्कृति, सभ्यता र परम्परालाई बचाँइ राख्नु कुनै लरतरो काम होइन। नेवारीहरू प्रकृतिको पूजा गर्छन्। देवाली पूजा नेवारहरूको वन-जङ्गलमा गरिने प्रकृति पूजा हो। यस अर्थमा नेवारी जाति प्रकृतिपूजक जाति हो भन्न सकिन्छ।

विकसित एवम् समृद्ध भाषा-साहित्य, संस्कार-संस्कृति तथा लोकसंस्कृति र कलाकौशलको कारण नेवार अर्थात् नेवाः जाति उन्नाइसौं शताब्दीको मध्यावधितिरै भारतमा दरिलोसँग प्रवेश गरेको हो। नेवार जातिको रहन-सहन, रीतिरिवाज तथा सामाजिक-सांस्कृतिक गठनका दृष्टिले सुसम्पन्न जाति हो भन्ने स्पष्ट बुझिन्छ। समय र भूगोलको कारण विभिन्न ठाउँ र अञ्चलमा बसोबासो गर्ने नेवार जातिको रहन-सहन, रीतिथिति, संस्कार-संस्कृतिको पालन-पोषण, विधि-विधानमा केही फरकपन आएको अवश्य देखिन्छ। तथापि नेवारी संस्कृति कुनै आयातित अर्थात् पाहुना संस्कृति भने किमार्थ होइन। कुनै पनि जातिको संस्कार-संस्कृति त्यही अञ्चलको भौगोलिक परिवेशसित नजाँनिदो किसिमले जोडिएको हुन्छ।

**प्रमुख सन्दर्भ विवरण–**

शङ्कर प्रधान- नेवार जातिको इतिहास, गोर्खा ज्योति प्रकाशन,मणिपुरः सन् २०२०।

गुप्त प्रधान (सम्पा.)- दार्जिलिङ नेवार सङ्गठनको स्मारिका, दार्जिलिङ नेवार सङ्गठन, दार्जिलिङः सन् २००१।

उत्तम प्रधान (सम्पा.)- सुकुन्दा (अखिल भारतीय नेवार सङ्गठनको मुखपत्र), अखिल भारतीय नेवार सङ्गठन, असमः

----------- जन्मदेखि सीन्यासम्मको संस्कार पद्धति, भारतीय नेवार सङ्गठन,दार्जिलिङः सन् २००२।

डोरबहादुर विष्ट- सबै जातका फूलबारी, साझा प्रकाशन, काठमाडौः वि. सं. २०३०।

भाइचन्द्र प्रधान- नेवार जाति, कालेबुङः सन् १९९७।

बलदेव जुजु- नेवार संस्कृति र दर्शन,

प्रा. साङ्गे डोमा डुक्पा- दार्जिलिङ- सिक्किम क्षेत्रका नेवार जातिमा बेलविवाह प्रथाः इही, नेपाली अकादमी जर्नल (वर्ष-९, अङ्क-९, मार्च, २०१३, नेपाली विभाग, उत्तर बङ्गाल विश्वविद्यालय )

गोपीचन्द्र प्रधान- नेवार जाति र तिनीहरूको संस्कृति, दियालो (वाङमय विशेषाङ्क, हाँगोः १००, नेसास, दार्जिलिङः १९८४।